सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा युवा तथा खेलकुद शाखा)

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प. सं. २०७७।०७८
च नं १४५६

मितिः२०७८/०२/१३

विषयः तेस्रो चौमासिक मागफाराम पेश तथा छुट प्राविधिक ग्रेड सम्बन्धमा।

श्री सबै सामुदायिक विद्यालयहरु
सिस्ने गाउँपालिका, रुकुम पूर्व।

प्रस्तुत विषयमा यस सिस्ने गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको आ. व. २०७७/०७८ को तेस्रो चौमासिक तलव भत्ता निकासाको लागि यही मिति २०७८/०२/३१ गते भित्र माग फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। यसका साथै नेपाल सरकार शिक्षा, विज्ञा तथा प्रविधि मन्त्रालाय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च. नं. २०० मिति २०७८/०२/०९ प्राप्त पत्रानुसार वि. सं. २०५७ साल श्रावण भन्दा अघि स्थायी नियुक्ति लिइ प्राविधिक २ ग्रेड थप खाइपाइ आएका कार्यरत तथा अवकास प्राप्त शिक्षकहरुलाई सो ग्रेड उपलब्ध गराउने प्रयोजनार्थ श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०१/२८ मा माननीय मन्त्रीस्तरबाट निर्णय भएको र सोही अनुसार गर्नु गराउनु भनि लेखि आएको हुँदा पूर्व सूचना बमोजिम यस कार्यालयमा निवेदन पेश गरेका विद्यालयहरुका त्यस्ता शिक्षकहरुको हकमा तपशीलका विवरणहरुको आधारमा आवश्यक कागजातहरु सहित माग फाराम पेश गर्नु गराउनुहुन समेत अनुरोध छ।

२०७८/०२/१३
मंगल सिंह बुढा
शाखा अधिकृत

मंगल सिंह बुढा
शाखा अधिकृत

तपशीलः

कार्यरत शिक्षक वा अवकाश प्रास शिक्षकहरुको छुट प्राविधिक ग्रेड प्रदान गर्ने आधार र प्रक्रियाहरुः

१) मिति २०७३ श्रावण यता कार्यरत रहेका वा सेवा निवृत्त शिक्षकहरुको हकमा मात्र लागु हने ।

२) मिति २०७३/०४/०१ पश्चात पाउने १ दिनको तलव वरावरको एक ग्रेडको हिसावले प्राविधि २ ग्रेड वापत हुने रकमबाट भुक्तानी पाइसकेको एकमुष्ट रकम घटाइ बाँकी रकम मात्र भुक्तानी हुने।

३) छुट प्राविधिक ग्रेड रकम पाउने शिक्षकहरुको चालु आ. व. २०७७/०७८ को शुरु देखि नै तलव मानमा नै एक ग्रेडको एक दिनको तलव बराबरको दरले हुन आउने २ ग्रेडको रकम हिसाव गरी उक्त रकमबाट भुक्तानी पाइसकेको एकमुष्ट रकम घटाइ तेस्रो चौमासिकमा अघिल्ला २ चौमासिकको थप्नुपर्ने रकम समेत विद्यालयले माग फारममा समावेश गर्ने।

४) आ. व. २०७३/०७४ देखि २०७६/०७७ सम्मको हकमा माथि बुँदा नं २ मा उल्लेख भए बमोजिम दिनुपर्ने बाँकी रकम शिक्षकको अलग्गै माग फारम भरि भराई विद्यालयले माग गर्ने ।

**५) उपरोक्त नुसारको छुट प्राविधि ग्रेड पाउन सक्ने शिक्षकले देहायका कागजातहरु सहित आफ्नो विद्यालयमा निवेदन दिनेः**

(अ) थप ग्रेड माग गर्ने शिक्षक हाल जुन तहमा कार्यरत रहेको हो सोही तहमा वि. सं. २०५७/०४/०१ भन्दा अघि नै स्थायी भएको नियुक्ति पत्र। शुरु स्थायी नियुक्ति वि. सं. २०५७/०४/०१ भन्दा अघि नै भएको तर २०७३ साल पछाडि अर्को तहमा नियुक्ति लिएको हकमा २०७३ श्रावण १ देखि सो नियुक्ति लिन अघिको अवधि मात्र गणना गर्ने।

सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (शिक्षा युवा तथा खेलकुद शाखा)

(आ) वि. सं. २०५७/०४/०१ भन्दा अगाडि तालिम प्राप्त भएको प्रमाणपत्रको प्रतिलिपि (तालिम प्राप्त शिक्षक भन्नाले प्राथमिक तहको शिक्षक भए १० महिने सेवा कालिन तालिम वा एस. एल. सी. मा ४०० पूर्णाङ्कको शिक्षा विषय लिएको, निम्न माध्यमिक तहको शिक्षक भए आई. एड. वा शिक्षा विषय लिई कक्षा १२ उत्तीर्ण वा १० महिने सेवाकालिन तालिम लिएको र माध्यमिक तहको शिक्षक भए कम्तीमा वि. एड. वा १० महिने सेवाकालिन तालिम पुरा गरेको शिक्षक सम्झनु पर्दछ।यसका साथै वि. सं. २०५७/०४/०१ भन्दा अगावै शिक्षा विषय लिई कक्षा १२ उत्तीर्ण वा आई. एड. वा वि. एड. उत्तीर्ण भएका प्राथमिक शिक्षक र वि. एड. उत्तीर्ण भएका निम्न माध्यमिक शिक्षकहरुलाई समेत तालिम प्राप्त शिक्षक सम्झनुपर्दछ) ।

(इ) अवकाश प्राप्त शिक्षकको हकमा माथि बुँदा नं. (अ) र (आ) मा उल्लेख भएका कागजात सहित अवकाश पत्रको प्रतिलिपि समावेश गरेको हुनुपर्ने।

६) विद्यालयले बुँदा नं. ५ बमोजिमका कागजातहरु रुजु र प्रमाणित गरी रकम प्रस्ताव गरी निकासाका लागि यस कार्यालयमा माग फारम पेश गर्ने।

७) विद्यालयले प्रप्त रकमबाट सम्बन्धित शिक्षकलाई भुक्तानी गर्ने व्यवस्था गर्ने।

८) सेवा निवृत्त शिक्षकको अवकाश पछिको औषधोपचार, संचित बिरामी विदा, उपदान/निवृतभरणमा छुट प्राविधि २ ग्रेडले हुने थप रकम व्यवस्थाका लागि आवश्यक कागजातहरु रुजू गरी राष्ट्रिय कितावखाना (शिक्षक) लाई सिफारिश गरी पठाइनेछ।

९) केही शिक्षकहरुको २०७१ श्रावण देखि नै जिल्ला शिक्षा कार्यालयले ग्रेड कटौती गरेकोले सो समेत पाउने भएकोले यस्ता शिक्षकहरुको हकमा विद्यालयले माथि बुँदा नं. ५ मा उल्लेखित कागजातका अतिरिक्त आ. व. २०७०/७१ को तेस्रो चौमासिक माग फारमको प्रतिलिपि र तलवी भरपाई तथा २०७१ श्रावणदेखि २०७३ आषाढ सम्मको माग फारम र तलवी भरपाईको प्रतिलिपि सहितको विवरण पेश गर्नुपर्नेछ र उक्त रकमको भुक्तानी प्रक्रिया रुकुम पूर्व जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत अगाडि बढ्नेछ।

**१०) छुट प्राविधिक ग्रेड एकिन गर्दा देहायका विषयहरुमा ध्यान दिनु पर्नेछः**

- माध्यमि तह प्रथम श्रेणीमा कार्यरत वा माध्यमिक तह प्रथम श्रेणीमा बढुवा भएका शिक्षकहरुको बढुवा भएको मितिबाट थप प्राविधि ग्रेड प्राप्त हुने छैन।
- मिति २०५७/०४/०१ भन्दा अघि कुनै एक तहमा नियुक्ति भै प्राविधिक ग्रेड खाइ पाइ आएको शिक्षकले मिति २०५७/०४/०१ वा सो भन्दा पछि अर्को तहमा खुल्ला प्रतिस्पर्धाबाट स्थायी नियुक्ति लिएको भएमा निज शिक्षकले सो मितिबाट खाइपाई आएको थप २ प्राविधिक ग्रेड पाउने छैन। तर एउटै तहको एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा भएको हकमा माध्यमिक तह प्रथम श्रेणी वाहेक अन्य श्रेणीको हकमा थप २ प्राविधि ग्रेड पाउनेछ।
- वि सं २०७३/०४/०१ पछि ग्रेड समायोजन भएका शिक्षकहरुको छुट प्राविधिक ग्रेड रकमको व्यवस्था गर्दा समायोजन गर्दा खाइपाई आएको ग्रेडमा नपुग ग्रेडको रकम मात्र थप गरी माग गर्नुपर्नेछ।

**नोटः छुट प्रविधिक ग्रेड सम्बन्धी थप जानकारी लिन www.doe.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ।**